# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक ३२२ काठमाडौं बिहीबार, ८ चैत २०८० Prabhab National Daily Thursday, March 21, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



**बालमैत्री वातावरण बनाऔं**

बालबालिकालाई:

- सजिलै खोलेर खाना सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्.ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवम् जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्माता केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाको प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# ऋण लिएरै बजेट बढाउने अर्थमन्त्री पुनको तयारी

## निवर्तमान अर्थमन्त्री डा. महतको चेतावनी- **पछि टाउकोमा हात राख्नुपर्ला**



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आगामी आर्थिक वर्षको बजेट तयारीमा जुटेका अर्थमन्त्री वर्षमान पुनले ऋण लिएरै बजेटको आकार बढाउने संकेत गरेका छन् । निवर्तमान अर्थमन्त्री डा प्रकाशशरण महतले ऋण कटौती गरेर 'पपुलर' कार्यक्रमहरू हटाउनेगरी विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेकामा त्यसको ठीक विपरीत पुनले समाजवादी कार्यक्रम राखेर बजेट ल्याउने तयारी गरेका हुन् ।

राष्ट्रिय सभा र प्रतिनिधिसभामा महतले पेस गरेको 'आर्थिक वर्ष २०८१/८२ को बजेटका सिद्धान्त र प्राथमिकता'लाई पुनर्लेखन गर्न सत्तारुढ दलका सांसदहरूले जोड दिएपछि पुनले संशोधनको छनक दिएका हुन् । 'समाजवादउन्मुख केही ठोस आधार तयार हुने छ,' अर्थमन्त्री पुनले भने, 'बजेटमा सामाजिक न्यायको विषय उपेक्षामा पर्ने छैन ।'

महत अर्थमन्त्री छँदा फागुन १४ गते संसद्मा 'प्रि-बजेट' प्रस्तावका रूपमा बजेटको सिद्धान्त र प्राथमिकता संसद्मा पेस भएको हो । जसको पुनर्लेखन गर्ने कानुनी व्यवस्था नभएको अर्थमन्त्री महतले स्पष्ट पारे ।

> पैसाको अभाव हैन । खर्च गर्ने क्षमता हाम्रो पुगेन । प्रतिबद्धता भएको रकम पाँच खर्बभन्दा बढी छ । विकास ऋण या अनुदान सहयोग पाँच खर्बभन्दा बढी आउने कुरा छ ।
>
> ■ **वर्षमान पुन**
> **अर्थमन्त्री**

> मैले सुनिराख्य छु, धेरै ठूलो बजेट बन्नुपर्छ । बनाउनुस् शुभकामना छ । २५–३० खर्बकै बनाउनुस् । तर आफ्नै कार्यकर्ताले राखेका माग पूर्ति गर्ने होला । यसले दीर्घकालीन दायित्व सिर्जना गर्छ । जो घोषणा पूर्ति हुँदैन । अनि टाउकोमा हात राख्नुपर्ला ।
>
> ■ **डा. प्रकाशशरण महत**
> **पूर्वअर्थमन्त्री**

महतले राजस्वको लक्ष्य हासिल गर्न नसक्नुको मुख्य कारण पुँजीगत खर्चमा कमी र विदेशी ऋण नलिनु भएको अर्थमन्त्री पुनले बताए । चालु आवका लागि १७ खर्ब ५१ अर्ब रूपैयाँको बजेट ल्याएका महतले लक्ष्य अनुरूपको राजस्व नउठेपछि अर्धवार्षिक समीक्षामा आकार घटाएका थिए । यही कारण देखाउँदै पुनले ऋण लिएर भए पनि बजेटको आकार बढाउने तयारी गरेका हुन् । 'पैसाको अभाव हैन । खर्च गर्ने क्षमता हाम्रो पुगेन । प्रतिबद्धता भएको रकम पाँच खर्बभन्दा बढी छ । विकास ऋण या अनुदान सहयोग पाँच खर्बभन्दा बढी आउने कुरा छ । यो खर्च गर्न सकेका छैनौं । विगतमा २० प्रतिशतसम्म खर्च हुन्थ्यो । यसपटक छ प्रतिशतमात्र खर्च भएको छ । यो समीक्षा भएन,' पुनले भने ।

पूर्वअर्थमन्त्री डा. महतले भने बजेटको आकार बढाउँदा पछि पछुताउनुपर्ने अवस्था आउने दाबी गरे । आफूले ऋण कटौती गरी थिति बसाएको तर्क गर्दै ठूलो बजेट बनाउँदा पछि टाउकामो हात राख्नुपर्ने अवस्थातर्फ सचेत रहन महतले सुझाए । 'बजेटरी सिस्टम थितिमा ल्याउनुपर्छ । मैले सुनिराख्य छु धेरै ठूलो बजेट बन्नुपर्छ । बनाउनुस् शुभकामना छ । २५-३० खर्बकै बनाउनुस्,' महतले भने, 'आफ्नै कार्यकर्ताले राखेका माग पूर्ति गर्ने होला । तर यसले दीर्घकालीन दायित्व सिर्जना गर्छ । जो घोषणा पूर्ति हुँदैन अनि टाउकोमा हात राख्नुपर्ला ।'

(**क्रमशः पृष्ठ ५ मा**)

# मुकुम्लुङमा पहिचान विद्रोह


ताप्लेजुङको धार्मिक पर्यटकीय गन्तव्य मुकुम्लुङ (परिवर्तित नाम पाथीभरा) क्षेत्रमा केवलकार निर्माणको विषय विवादित बनेको छ । पहिचान पक्षधरहरु 'नो केवलकार' नारासहित आन्दोलित भएका छन् ।



> नियोजितरूपमै राज्यपक्ष आदिवासी लिम्बू समुदायको आस्थाको केन्द्र मात्रै नभएर मुन्धुमीस्थलमाथि अतिक्रमण गर्ने प्रयासमा छ । यो आदिवासी जनजाति समुदायको अधिकारसम्बन्धीको घोषणापत्र युएनड्रिपमा उल्लिखित प्रावधानविपरीत छ । हामी यसको कडा शब्दमा निन्दा गर्छौं र सफल हुन दिने छैनौं ।
>
> ■ **निरन्ती तुम्बापो**
> **महासचिव, किरात याक्थुङ चुम्लुङ**



> जिल्ला सुरक्षा समिति बैठकमा सर्वदलीय सहमति भनेकै केवलकार निर्माणमा सहजताका लागि एपिएफ राख्नेमा भएको छ तर अहिले कार्यान्वयन भएकै छैन । के प्रशासनले आयोजना निर्माणमा सहजीकरण नगर्ने हो ? समयानुकूल विकास चाहिएको होइन हामीलाई ?
>
> ■ **इन्द्र केदेम**
> **केवलकार परियोजना निर्माण व्यवसायी**




■ **जेबी योञ्जन**

**काठमाडौं–** मुलुकको सुदूरपूर्वी जिल्ला ताप्लेजुङको धार्मिक पर्यटकीय गन्तव्य मुकुम्लुङ (परिवर्तित नाम पाथीभरा) क्षेत्रमा केवलकार निर्माणको विषय निकै विवादित बनेको छ । पहिचान पक्षधरहरूले स्पष्ट रूपमा 'नो केवलकार' भन्दै आएका छन् । लगातार उनीहरू आन्दोलित पनि छन् ।

केवलकार निर्माण गरिए मुकुम्लुङको ऐतिहासिकता मात्रै नभएर धार्मिक महत्त्व सिद्धिने भन्दै अहिले जस्तो छ, त्यस्तै अवस्थामा मुकुम्लुङलाई रहन दिनुपर्ने माग पहिचान पक्षधरहरूको छ । पहिचान आन्दोलनको अग्रमोर्चामा रहेकी किरात याक्थुङ चुम्लुङकी महसचिव निरन्ती तुम्बापोको शब्दमा आदिवासी लिम्बू समुदायको ऐतिहासिक महत्त्वको मुकुम्लुङलाई नामेट पार्ने गलत प्रयास अहिले गरिँदै छ । जुन सफल हुन नदिने उनको चेतावनी छ ।

'नियोजितरूपमै राज्यपक्ष आदिवासी लिम्बू समुदायको आस्थाको केन्द्र मात्रै नभएर मुन्धुमीस्थलमाथि अतिक्रमण गर्ने प्रयासमा छ । यो आदिवासी जनजाति समुदायको अधिकारसम्बन्धीको घोषणापत्र युएनड्रिपमा उल्लिखित प्रावधानविपरीत छ,' उनले प्रभावसँग भनिन्, 'हामी यसको कडा शब्दमा निन्दा गर्छौं र सफल हुन दिने छैनौं ।'

मुकुम्लुङ क्षेत्रमा केवलकार निर्माणको जिम्मा पाथीभरा दर्शन केवलकार प्रालिले पाएको छ । त्यसमा ठूलो लगानी नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालको छ । केवलकार परियोजना निर्माणको जिम्मा भने स्थानीयस्तरमा पाथीभरा केवलकार दर्शन प्रालिका पुष्पबहादुर बरुवाल र सुरेन्द्रकुमार गुरुङले पाएका हुन् । परियोजनाको साझेदार व्यवसायी इन्द्र केदेम लिम्बू पनि छन् ।

(**क्रमशः पृष्ठ २ मा**)

## स्थानीय नाम ब्युँताउने आन्दोलन

केही वर्षअघि देशको पूर्वी क्षेत्रको पहाडी जिल्लाहरूमा लिम्बुवान स्प्रिङ आन्दोलन सञ्चालन भयो । आन्दोलनको अग्रमोर्चामा टंक सेलिङसहित देखिए । स्प्रिङ आन्दोलन पक्षधरहरूले छ वर्षअघि नै स्थानीय नाम ब्युँताउने भन्दै आन्दोलन गऱ्यो । पाथीभरा नाम परिवर्तीत भएको र मुकुम्लुङ स्थानीय नाम भएको आन्दोलन पक्षधरहरूको मत छ । जुन लिम्बू भाषाबाट रहेको हो । तर, उक्त आन्दोलन भने यतिबेला शिथिल भइसकेको छ ।

यहीबेला केवलकार निर्माण परियोजना सुरु भएसँगै फेरि लिम्बूसँगै पहिचान पक्षधरहरू मौलिक (स्थानीय) नाम पुनःस्थापित गर्ने पक्षमा छन् । यसको पक्षमा पाँचथर बहुमुखी क्याम्पसका सहायक प्राध्यापक मधुराज केरुङलगायत छन् । डेढ दशकअघि अरब राष्ट्रहरूमा स्प्रिङ आन्दोलन चलेको थियो । जसको उद्देश्य पहिचान स्थापित गर्ने थियो ।

**सन्दर्भः वैदेशिक रोजगार**

# टेलिमेडिसिन सेवालाई थप प्रभावकारी बनाइने

## आठ महिनामा १६ सयभन्दा बढीले लिए सेवा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वीर अस्पतालमा सञ्चालित 'टेलिमेडिसिन' सेवाको अवलोकन गरेका छन् । वैदेशिक रोजगारीमा रहेका कामदारहरूलाई लक्षित गरेर सञ्चालनमा ल्याइएको उक्त सेवाको मन्त्री अर्यालले बुधबार अस्पतालमा पुगेर अवलोकन गरेका हुन् ।

वैदेशिक रोजगार बोर्डले कल्याणकारी सेवाअन्तर्गत वीर अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन सेवा सञ्चालन गर्दै आएको छ । अवलोकनपछि मन्त्री अर्यालले उक्त सेवालाई थप चुस्त र प्रभावकारी बनाइने बताएको उनको सचिवालयले जानकारी दिएको छ । मन्त्री अर्यालले मंगलबार भएको पत्रकार भेटघाट कार्यक्रममा पनि टेलिमेडिसिन सेवालाई प्राथमिकतामा राख्दै यसको दायरा बढाउन पहल गर्ने बताएका थिए ।

अस्पतालले टेलिमेडिसिन सेवाका लागि नियमित रूपमा मेडिकल अधिकृत र हेल्थ असिस्टेन्ट खटाइएको जानकारी मन्त्री अर्याललाई दिएको थियो । प्रत्येक साताको शुक्रबार र आइतबार कामदारको स्वास्थ्य समस्याको अवस्था हेरी विशेषज्ञ चिकित्सक सेवासमेत उपलब्ध गराउँदै आइरहेको सो क्रममा जानकारी दिइयो ।

अस्पतालका अनुसार हालसम्म १८ मुलुकमा रहेका नेपाली श्रमिकले टेलिमेडिसिन सेवा लिएका छन् । दैनिक औसतमा २५ देखि ३० जनाले स्वास्थ्य समस्या राख्ने गरेको अस्पतालले जानकारी दिएको छ । टेलिमेडिसिन सेवामार्फत विभिन्न ११ प्रकारका स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ ।

विभिन्न अध्ययनले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकमा स्वास्थ्य समस्या बढ्दै गएको देखाएपछि मन्त्रालयले गत वर्षको चैत १० गतेबाट बोर्डमार्फत टेलिमेडिसिन सेवा सञ्चालनमा ल्याएको थियो । अस्पतालले बिहान १० बजेदेखि बेलुका ६ बजेसम्म उक्त सेवा सञ्चालन गर्दै आएको छ । विदेशमा रहेका श्रमिकले फेसबुक, ह्वाट्सएप, भाइबर, इमोलगायतका सामाजिक सञ्जालबाट आफ्नो स्वास्थ्य समस्याबारे परामर्श लिन सक्ने अस्पतालले जनाएको छ ।

अस्पतालको तथ्यांकअनुसार चालु आर्थिक वर्षको आठ महिना (साउन-फागुन)मा एक हजार ६३२ जनाले टेलिमेडिसिन सेवा लिएका छन् । जसमा सबैभन्दा बढी मलेसियामा रहेका कामदार छन् । मलेसियाबाट ३९४ जनाले सेवा लिएका छन् । त्यस्तै साउदी अरबबाट ३१०, युएईबाट १९२, कतारबाट १७५, कुवेतबाट १७१, कोरियाबाट १५७, ओमानबाट ५७, साइप्रसबाट ५३, जापानबाट ४०, रोमानियाबाट ३५, बहराइनबाट १२, जाम्बियाबाट १०, जर्मनीबाट नौ, माल्दिभ्सबाट सात, इराकबाट चार, माल्टाबाट तीन, बेलायतबाट १० र अफ्रिकाबाट एक जनाले यो सेवा लिएको तथ्यांक छ ।

टेलिमेडिसिन सेवामार्फत ४०० जना कामदारलाई स्वास्थ्य तथा औषधिसम्बन्धी परामर्श उपलब्ध गराइएको अस्पतालले जनाएको छ । जसमध्ये २७३ जनालाई सर्जरीसम्बन्धी परामर्श, १८३ अर्थोपेडिक, २१७ जनालाई इएनटी, १२५ छालासम्बन्धी, २३५ मानसिक समस्या, १९ आँखा, ३१ दाँत, ४२ जनालाई पेट, ४४ जनालाई युरोलोजी र ६३ जनालाई अन्य विभिन्न स्वास्थ्य सेवा उपलब्ध गराइएको अस्पतालको भनाइ छ ।

# श्रममन्त्री अर्याललाई व्यवसायीको बधाई



**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका समस्या सम्बोधन गर्न नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालसँग आग्रह गरेको छ । मन्त्री अर्याललाई बधाई दिन बुधबार मन्त्रालय पुगेको महासंघको प्रतिनिधिमण्डलले उक्त माग राखेको हो ।

संघका अध्यक्ष राजेन्द्र भण्डारी नेतृत्वको प्रतिनिधिमण्डलले मन्त्री नियुक्त भएको १० दिनपछि अर्याललाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएको छ । त्यस क्रममा अध्यक्ष भण्डारीले वैदेशिक रोजगार क्षेत्रमा देखिएका समस्या अवगत गराउँदै तत्काल सम्बोधन गरिनुपर्नेमा जोड दिए । उनले स्वच्छ, पारदर्शी र मर्यादित वैदेशिक रोजगारीका लागि व्यवसायीहरू सरकारसँग सधैं हातेमालो गरेर अघि बढ्न प्रतिबद्धता रहेको बताए ।

'हामी मन्त्रीज्यूलाई बधाई दिन गएका हौं,' संघका महासचिव मेघनाथ भुर्तेलले भने, 'व्यवसायीका आफ्ना केही कुरा राख्दै समस्या समाधानका लागि पहल गरिदिन आग्रह गऱ्यौं ।' यस क्षेत्रमा देखिएको समस्या हल गर्न मन्त्री अर्याल सकारात्मक देखिएको उनको भनाइ छ । पेसा, व्यवसाय निजी क्षेत्रले गर्ने र त्यसको सुपरीवेक्षण तथा अनुगमन गर्ने दायित्व सरकारको भएकाले संघसँग सहकार्य गरेरमात्रै मन्त्रालय अगाडि बढ्ने मन्त्री अर्यालले प्रतिक्रिया दिएको भुर्तेलले बताए । उनका अनुसार मन्त्रालयले गर्ने नीतिगत निर्णयहरूमा सरोकारवालासँग समन्वय गर्ने आश्वासनसमेत मन्त्री अर्यालले दिएका छन् ।




## पृष्ठ १ बाट क्रमशः

### मुकुम्लुङमा पहिचान...

कम्पनीले मुकुम्लुङ क्षेत्रमा केवलकार निर्माण लागि ९० हजार रोपनी जग्गा ९० लाखमा खरिद गरेको छ । यो असामान्य खरिद मूल्य हो । र, मुकुम्लुङ देशकै पूर्वी क्षेत्रको सर्वाधिक महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य हो । त्यही भएर यहाँको मौलिकता जोगाउन भए पनि केवलकार निर्माण गर्न नहुने केवलकार खारेजी संघर्ष समितिको माग छ । समितिले जबरजस्त केवलकार निर्माण गरिए हिंसा निम्तिने चेतावनी दिएको छ । समितिमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), कुमार लिङ्देन नेतृत्वको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, केपी पालुङ्वा नेतृत्वको राष्ट्रिय जनमुक्ति पार्टीसँगै लिम्बूवान क्रान्तिकारी, लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चा तथा वैज्ञानिक समाजवादी पार्टी आबद्ध छन् ।

यी दलहरूले जग्गा खरिद बिक्रीमा अनियमितता गरेको र व्यापारिक संस्थाको उक्साहटमा सरकारले पाथीभराको क्षेत्र विस्तार गरेको आरोप लगाएका छन् । त्यही भएर केही पहिचान पक्षधर दल र संस्था लगातार आन्दोलनमा छन् ।

तर, सरकार भने सशस्त्र प्रहरी परिचालन गरेर भए पनि केवलकार निर्माण गराइछाड्ने पक्षमा छ । जसविरुद्ध पहिचान पक्षधर दलसँगै संघसंस्था लगातार आन्दोलनमा छन् । पहिचान पक्षधर दलहरूले धार्मिकस्थलमा प्रहरी राखेर धार्मिक, सांस्कृतिक झगडाको बीउ नरोप्न आग्रह गरेका छन् । 'कुनै पनि तीर्थयात्री स्थानीय जनता मुन्धुमका संरक्षकहरूले शान्ति सुरक्षाको माग नगरेको अवस्थामा मुन्धुमीस्थल समाप्त गर्ने प्रपञ्चस्वरूप सशस्त्र प्रहरी वेस क्याम्प राख्नु धार्मिक सांस्कृतिक झगडाको बीउ रोप्नु हो,' यसअघि पहिचान पक्षधरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

सरकारले केवलकार निर्माण गर्ने स्थान काफ्लेपाटीमा सशस्त्र प्रहरीको क्याम्प राख्ने तयारी गरेको छ । कम्पनीले सम्पूर्ण कागजी प्रक्रिया पूरा भएको र निर्माणको चरणमा जाने समय भएको जनाएको छ । हालसम्म भने सशस्त्र प्रहरीलाई बस्न त्यहाँ पहिचान पक्षधरहरूले अवरोध पुऱ्याइरहेका छन् ।

यद्यपि, माथिल्लो फेदीदेखि मन्दिरसम्मका रुख (लालिगुराँस) कटानको चरणमा कम्पनी छ । रुख कटानको जिम्मा स्थानीय सामुदायिक वन उपभोक्ता समितिलाई दिएको छ । यसअघि रुख कटानका लागि गएको टोलीलाई छलफल गर्ने भन्दै स्थानीय प्रशासनले फर्काएको थियो । त्यहाँ १० हजारवटा लालीगुराँसको रुख कटान गर्ने भनिएको छ । तर, कम्पनीले भने अनुमतिभन्दा बढी ३० हजार लालीगुराँसको रुख कटान गर्ने तयारी गरेको छ । यसले मुकुम्लुङको पर्यावरणमासमेत असर पर्ने पहिचान पक्षधरहरूको मत छ ।

तर, स्थानीयस्तरमा परियोजनाको जिम्मा पाएको निर्माण व्यवसायी इन्द्र केदेमले भने विकासको बाधक कोही हुन नहुने बताएका छन् । उनले ऐतिहासिकता र धार्मिकता जोगाउने नाममा देशकै पूर्वी क्षेत्रको प्रमुख धार्मिक गन्तव्यलाई यथास्थितिमा छाड्नु उचित नभएको बताए । समयानुकूल विकास हुनु जरुरी रहेको उनको मत छ । 'जिल्ला सुरक्षा समिति बैठकमा सर्वदलीय सहमति भनेकै केवलकार निर्माणमा सहजताका लागि एपिएफ राख्ने भएको छ तर अहिले कार्यान्वयन भएकै छैन,' उनले प्रशासनप्रति प्रश्न गर्दै भनेका छन्, 'के प्रशासनले आयोजना निर्माणमा सहजीकरण नगर्ने हो ? समयानुकूल विकास चाहिएको होइन हामीलाई ?'

केवलकार दुई अर्ब ५५ करोड रूपैयाँ लगानीमा निर्माण हुने भनिएको छ । नदेखिनेगरी यती समूहको पनि यहाँ लगानी रहेको बुझिएको छ । १५ फागुन २०७५ मा तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीसहित यती होल्डिङ्का तत्कालीन अध्यक्ष रहेका पर्यटन व्यवसायी आङछिरिङ शेर्पालगायत यस क्षेत्रमा केवलकार सञ्चालनको सम्भावनाबारे अवलोकन गर्न पुगेका थिए । तर, फर्किएर काठमाडौं आउने क्रममा उनीहरूको हेलिकोप्टर दुर्घटनामा परी निधन भयो । यसपछि केवलकार निर्माण परियोजना सञ्चालनमा ढिलाइ भएको थियो । तर, यतिबेला भने परियोजना निर्माणको कामले गति लिएको छ । यहीबेला पहिचान पक्षधरहरूले अवरोध सिर्जना गरेका छन् । यसप्रति असन्तुष्ट निर्माण व्यवसायीहरूले जिल्लामा 'गेम चेन्जर'जस्तै आयोजना निर्माणको वातावरण बनाउन स्थानीय प्रशासनले असहयोग गरेको आरोप लगाउँदै आएका थिए ।

उनीहरूले ताप्लेजुङकी प्रमुख जिल्ला अधिकारी हीरादेवी पौडेलप्रति प्रश्न उठाउँदै आएका थिए । उनले सशस्त्र प्रहरीलाई परियोजना निर्माणस्थलमा खटाउन नसकेको आरोप लगाउँदै आएका थिए । तर, प्रमुख जिल्ला अधिकारी पौडेल मंगलबार मात्रै गृह मन्त्रालयमा तानिएकी छन् । सल्यानका सहायक प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्य ताप्लेजुङ सरुवा भएर आएका छन् । प्रजिअ आचार्यले जिल्लाको भौतिक पूर्वाधार क्षेत्रको विकासमा कसैले बाधा पुऱ्याउन नहुने र बाधा पुऱ्याउनेलाई कारबाहीको दायरामा ल्याउने भन्दै पहिचान पक्षधरहरूविरुद्ध कडारूपमा प्रस्तुत हुने संकेत गरे । 'कसैले कुनै पनि हालतमा जिल्लाको दूरगामी विकासमा प्रभाव पार्ने आयोजनामा अवरोध पुऱ्याउन मिल्दैन । त्यसप्रति सहजीकरण गर्न स्थानीय प्रशासन तयार छ,' आचार्यले भने ।

पहिचान पक्षधरहरू पनि पछि हट्ने अवस्थामा देखिएको छैन । यसले मुकुम्लुङ क्षेत्रमा केवलकार निर्माणलाई लिएर उठेको विवाद थप जटिल हुने देखिएको छ ।


## स्क्वायर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
**Square Saving & Credit Co-operative Limited**
का.म.पा-२५ मखन, काठमाडौं, नेपाल
फोन: ०१-४२३९९११, मोबाइल नं. ९८४९६३५७१२

### धितो लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना !

**प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित मिति २०८०/१२/०८ (बिहीबार)**

यस तपसिलमा उल्लेखित ऋणी संस्थाले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०८०/१०/०६ गतेको प्रभाव दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नका लागि ३५ (पैतिस) दिने सार्वजानिक सूचना प्रकाशित गर्दा समेत निजले कर्जा चुक्ता नगरेको कारण तपसिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्री गरी यस वित्तीय सहकारीको सम्पूर्ण लेना रकम असुलउपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्री गर्न यो दोस्रो पटक **३५ दिने धितो लिलाम सम्बन्धी सूचना** प्रकाशित गरिएको छ ।

अत: उल्लेखित म्यादभित्र तपसिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पत्ति गोप्य सिलबन्दी बोलपत्रद्वारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३६(**छत्तिसौं**)दिनभित्र आफूले कबोल गरेको रकम सहितको गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले नस्वीकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७, सहकारी ऐन २०७४ र करार ऐन २०५६ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति संस्था आफैंले सकार गरी लिने व्यहोरासमेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा बिक्री भयो वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कहीकतै उजुरबाजुर गर्न पाइने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असूलउपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरूको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुलउपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ (११) बमोजिम कालोसूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम | धितोको विवरण |
|---|---|
| नाम: मिनादेवी तुलाधर<br>बुबाको नाम: काजिलाल तुलाधर<br>पतिको नाम: भरतराज तुलाधर<br>ठेगाना: का.जि.का.म.न.पा, वडा नं.१३<br>ना.प्र.न.: ११४६/१९४७/८२८ | नाम: मिनादेवी तुलाधर<br>ठेगाना: का.जि.का.म.न.पा, वडा नं.१३<br>कि.नं.: ५८४ (हाल कि.नं.५८५ कायम रहेको)<br>सिट नं.: ११०३-०८<br>क्षेत्रफल: (०,०२३०.३१) व.मि. जग्गा र सोमा बनेको घरसमेत पूरा |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरू :**

१. प्रस्तुत सूचना प्रकाशित मितिले ३६औं दिन अर्थात मिति २०८१/०१/१४ गते मंगलबार दिन उक्त दिन सार्वजनिक बिदा परे सो को लगत्तै भोलिपल्ट दिनको १० बजे देखि ३ बजे सम्म गोप्य शिलबन्दी बोलपत्र पेश गरिसक्नु पर्नेछ । संस्थाको का.म.न.पा- २५, मखन, काठमाडौं स्थित मुख्य कार्यालयमा सोहि दिन ४ बजे सरकारी प्रतिनिधिहरूको रोहबरमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ ।
२. रकम कबुल गर्दा कबुल गर्नेले शर्त राख्न पाईने छैन ।
३. गोप्य शिलबन्दी मार्फत लिलाम बढाबढमा सहभागी हुने व्यक्ति, संघ, संस्था तथा कम्पनीले खरिद गरि लिन चाहेको मुल्यको कम्तीमा १० प्रतिशतले हुन आउने रकम संस्थामा धरौटी वापत जम्मा गरी स्वयंम आफै उपस्थिती भई वा प्रतिनिधी मार्फत निवेदन अनुसार पेश गर्नु पर्नेछ । लिलामी बिक्री प्रकृयाको सम्पूर्ण कार्यसम्पन्न नभए सम्म धरौटी रकम फिर्ता हुनेछैन । साथै धरौटी रकममा ब्याज दिईने छैन ।
४. लिलामीमा सबैभन्दा बढि रकम कबुल गर्ने व्यक्तिलाई धितोमा रहेको सम्पत्ति बिक्री गर्ने नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थासँग सुरक्षित रहनेछ ।
५. लिलामीमा भाग लिई लिलामी स्वीकृती भएको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र धरौटी बाहेकको रकम संस्थामा बुझाई सम्पत्ति नामसारी गरी नलिएमा धरौटी रकम जफत हुनेछ ।
६. अचल सम्पत्ती सकार गरी लिनेले दा खा नामसारी गर्न लाग्ने लगायतका सम्पूर्ण शुल्कहरू तथा खर्चहरू निज स्वयंमले व्यहोर्नु पर्नेछ ।
७ लिलाम बिक्री हुने अचल सम्पत्तीहरूको सम्बन्धित कागजातहरू हेर्न चाहनुहुने महानुभावहरूले संस्थामा सम्पर्क राख्न सक्नुहुनेछ ।
८. सहकारी ऐन, नियमावली तथा संस्थाको कर्जा सम्बन्धी निति नियम अनुसार लिलाम गर्नु पर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थालेने उक्त अचल सम्पत्तीको स्वामित्व आफुमा लिनेछ ।
९. लिलामी बिक्री गर्दा लाग्ने सम्पुर्ण खर्चहरू ऋणी स्वयंमले व्यहोर्नु पर्नेछ ।
१०. अन्य कुनै थप कार्यहरू प्रचलित नियम, कानुन बमोजिम हुनेछ ।



## गढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
औराबनी, सुनसरी
कोशि प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश
### उद्योग तथा व्यवसायका लागि

- विक्रेताले विक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरू विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नु पर्ने छ ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरू पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र विक्री वितरण गरौं ।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरूद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**



## साउदीमा रोजगार — ESTABLISHMENT SEMA AL-RIADEH FOR CONTRACTING
पुर्व स्विकृति मिति: 2080/12/07 चलानी नं. ६०२१६९४२ LT No. 302078

| सि.नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping Worker | 15 | काममा दक्ष | 1200 | 42448 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० चैत्र १५ गते (28 March 2024) हुनेछ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने म्यादी जिवन बिमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैं | रु.१५०० कामदार आफैंले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्च: १०,००० 

**दैलेख ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं.: ११४९/०७३/७४
बसन्धारा, चक्रपथ, काठमाडौ, फोन नं.: ०१-४३८०१२१, ४३६२७१२



## साउदीमा रोजगार — AL FAHD COMPANY FOR INDUSTRY AND CONTRACTING
पुर्व स्विकृति मिति: 2080/12/07 चलानी नं. ६०२१६९२९ LT No. 302088

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 20 | काममा दक्ष | 2500 | 88434 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Driver | 04 | | 1800 | 63672 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० चैत्र १५ गते (28 March 2024) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्च: 0

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744



## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : VICTOR FLOYD POWER INDUSTRIAL COMPANY
पूर्व स्वीकृति मिति २०८०/१२/०७ LT. No. 302036 चलानी नं. ६०२१६९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 1 | 0 | 1100 | ३९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १५ गते (28th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.) श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : ZN TRADING EST
पूर्व स्वीकृति मिति २०८०/१२/०७ LT. No. 302023 चलानी नं. ६०२०६३८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SALEM IBRAHIM AL TAMIMI TRADING ESTABLISHMENT
पूर्व स्वीकृति मिति २०८०/१२/०७ LT. No. 302024 चलानी नं. ६०२०६३८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintainance Worker | 4 | 0 | 1000 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १५ गते (28th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.** श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## युएई/मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : TILAK FOR DELIVERY SERVICE LLC OPC
पूर्व स्वीकृति मिति : २०८०/१२/०६ LT. No. 301861 चलानी नं. ६०२१६८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Delivery Boy | 5 | 0 | 1500 | ५४,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office Cleaner | 0 | 5 | 900 | ३२,५१० | | | | | | | |

कम्पनी : JSC SECURITY SERVICES SDN.BHD.
पूर्व स्वीकृति मिति : २०७९/१२/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०७ LT. No. 284215 चलानी नं. ६०१९९७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 18 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १५ र १६ गते (28 & 29 Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : U.B. FOOD SDN.BHD.
पूर्व स्वीकृति मिति २०८०/१२/०७ LT. No. 302008 चलानी नं. ६०२१६८८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १५ गते (28th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD** Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

एसईईको तयारी पूरा

# पाँच लाख विद्यार्थी सहभागी हुने

■ प्रभाव संवाददाता

**भक्तपुर–** यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा देशभरबाट करिब पाँच लाख विद्यार्थी सहभागी हुने भएका छन् । एइई यही १५ चैतदेखि सञ्चालन हुँदै छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माका अनुसार एइईका लागि पाँच लाख चार हजार ४१४ जनाले परीक्षाको फाराम भरेका छन् । फाराम भरेकामध्ये परीक्षामा केही विद्यार्थीको संख्या घट्न सक्ने उनले बताए ।

बोर्डले एइईको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएको छ । यस वर्षको एसइई परीक्षाका लागि देशभर दुई हजार ५७ परीक्षा केन्द्र निर्धारण गरिएको छ । चैत १५ गतेदेखि सुरु भई २७ गते सम्पन्न हुने परीक्षाका लागि बोर्डले उक्त संख्यामा परीक्षा केन्द्र निर्धारण गरेको हो । यस वर्ष पनि जापानमा एउटा परीक्षा केन्द्र निर्धारण गरिएको अध्यक्ष शर्माले जानकारी दिए ।

परीक्षाका लागि बोर्डले पाँच लाख प्रश्नपत्र छापिसकेको परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए । पौडेलले परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र बोर्डले देशभरका ७६ जिल्लाका प्रहरी कार्यालयमा पठाइसकेको बताउँदै काठमाडौं जिल्लामा परीक्षाको अघिल्लो दिनमात्रै पठाइने जानकारी दिए । 'प्रत्येक विषयको परीक्षाका दिन परीक्षा सुरु हुनु केही समय अगाडि मात्रै प्रहरी सुरक्षाका साथ सम्बन्धित परीक्षा केन्द्रमा प्रश्नपत्र पठाइने छ,' उनले भने ।

परीक्षाका लागि आवश्यक पर्ने उत्तरपुस्तिका एवं अन्य सामग्री कार्यालयले सातै प्रदेशमा पठाएको जानकारी दिँदै परीक्षा नियन्त्रक पौडेलले प्रदेश र जिल्लाले गर्ने तयारी पनि भइरहेको बताए । उनका अनुसार आवश्यक बजेट सातवटै प्रदेश सरकारअन्तर्गत सामाजिक सुरक्षा मन्त्रालयले व्यवस्थापन गर्नेछ । नेपाल बाहिर जापानमा बसेका नेपाली विद्यार्थीले यस वर्ष पनि जापानबाटै परीक्षा दिन पाउने भएका छन् । बोर्डले यस वर्षको परीक्षाका लागि एक परीक्षा केन्द्र निर्धारण गरेको छ । जापानबाट २३ जना विद्यार्थीले एसइई दिने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए ।

प्रत्येक परीक्षा केन्द्रमा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष एक/एक, ३०० विद्यार्थी रहेको केन्द्रमा दुई सहायक केन्द्राध्यक्ष, दुई विद्यार्थी बराबर एक निरीक्षक, १५० देखि २०० सम्म परीक्षार्थी भएकोमा एक सहयोगी र त्योभन्दा बढी परीक्षार्थी रहेको केन्द्रमा दुई सहयोगी खटाइने उनको भनाइ छ । परीक्षा केन्द्रको आवश्यकताअनुसार सुरक्षाकर्मी परिचालन गरिने र सुरक्षाकर्मीदेखि कर्मचारी परिचालनका लागि प्रत्येक जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला परीक्षा समन्वय समितिले गर्ने व्यवस्था गरिएको परीक्षा बोर्डले जनाएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट २०७८ पुस ७ गते 'लेटर ग्रेडिङ निर्देशिका, २०७८' जारी गरेको थियो । यस वर्षको परीक्षामा बोर्डले 'लेटर ग्रेडिङ निर्देशिका, २०७८' लागू गरेको जनाएको छ । विगतमा सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने व्यवस्था रहेकामा यस वर्ष निर्देशिका कार्यान्वयनमा आएपछि पहिलोपटक बोर्डले एसइई परीक्षाको नतिजामा विद्यार्थीले सैद्धान्तिकमा ३५ र प्रयोगात्मकमा ४० अंक ल्याउनुपर्ने व्यवस्था गरेको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए ।

## शेयरधनीहरूका लागि जारी गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/१२/०८**

यो कम्पनी प्रारम्भमा प्रा.लि. कम्पनीको रूपमा दर्ता भई संचालन भई आएकोमा प्रा.लि. कम्पनीमा सिमित संख्यामा मात्र शेयरधनी कायम हुन सक्ने व्यवस्था भएको र हाल यो कम्पनी पब्लिक कम्पनीमा परिणत भएपछि मिति २०८०।९।२१ को साधारण सभाको निर्णय बमोजिम बोनस शेयर बाँडफाँड पश्चात बाकी रहेको संस्थापक समूह तर्फको शेयर जारी गर्ने निर्णय गरेको हुँदा संस्थापक समूहतर्फको सम्पूर्ण रकम भुक्तानी गरे पश्चात मात्र सर्वसाधारणमा शेयर जारी गरिने हुँदा सोका लागि हाल कम्पनीको जारी पुँजी रू.१५,००,००,०००।– मध्ये संस्थापक समूह तर्फको रू.१२,००,००,०००।– बराबरको सम्पूर्ण शेयर रकम चुक्ता गर्नुपर्ने भएको हुँदा बाँडफाँड हुन बाकी रहेको शेयर बिक्री गर्नका लागि हाल कायम इच्छुक शेयरधनीहरूलाई शेयर खरिदका लागि ३५ दिन भित्र शेयर रकम सहित आवेदन दिनु हुन संचालक समितिको निर्णय बमोजिम यो सूचना प्रकाशित गरिएको छ । हाल कायम रहेका शेयरधनीहरूले शेयर खरिदको आवेदन दिइ सबै शेयर लिनका लागि आवश्यक आवेदन नपरेमा उक्त शेयर शेयरधनी बाहेक अन्य महानुभावहरूलाई समेत बिक्री गरिने कुराको जानकारी सहित शेयरधनीहरूका लागि यो सूचना जारी गरिएको छ ।

**सेन्चुरी इनर्जी लिमिटेड**
**रातोपुल, काठमाडौं**
**फो.नं. ०१४५७०४७४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. १६७२४५/०७३/०७४** को **फिस्टेल माउण्टेन मनि चेन्जर प्रा.लि.** को मिति २०८०/१२/०६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दाबी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

**लिक्विडेटरः राम प्रसाद तिवारी, इजाजतपत्र नं. ४२१**
**फोन नं. ०१-४३६०२७५, ९८५१०६८४११, ईमेल :** clnpservice@gmail.com

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१२/०८ गते)

श्री कृष्ण देव मानन्धरको नातीनी, भीम देव मानन्धर/च्यान्ती देवी मानन्धरको छोरी, दिप नारायाण मानन्धरको श्रीमती काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं. २०, बस्ने लक्ष्मी देवी मानन्धरको मिति २०७९/१०/१५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको न्यूरोड पाको शाखामा रहेको बचत खाता नं. १७००२६२८२५६००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरी सरिता मानन्धरले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय न्यूरोड पाको, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**शाखा कार्यालय न्यूरोड पाको फोन नं. ०१-५३२१९१२/५३२१९१५**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLATINUM HANDS CLEANING SERVICES
पूर्व स्वीकृति मिति २०८०/१२/०७ LT. No. 302054 चलानी नं. ६०२१६९२३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 80 | 20 | 800 | २८,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VRINDAVAN STAR SECURITY SERVICES LLC
